१. कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम तथा प्रभाव न्यूनीकरणका लागि हालसम्म नगरपालिकाबाट तपसिलमा उल्लेख भए बमोजिमका क्रियाकलापहरु सम्पादन गरिएको व्यहोरा अवगत गरियो ।

## तपसिल

| सि.नं. | विवरण | जम्मा | | | |
|---|---|---|---|---|---|
| १ | क्वारेन्टाईन निर्माण ओखलढुंगा क्याम्पस र सगरमाथा मा.वि.ओखलढुंगा | ५० शैया | हालसम्म क्वारेन्टाइनमा ९ जना बसी रहेको | २०७६/१२/१८ देखि २०७७/०१/३१ सम्म ओखलढुंगा क्याम्पस क्वारेनटाइनमा बसेर घर फर्किएका जम्मा महिला ४ पुरुष ३१ गरि ३५ जना | |
| २ | आइसोलेशन बेड मिशन अस्पतालमा ६ शैया र रुम्जाटार अस्पतालमा ५ शैया | ११ शैयाको निर्माण | २ जना आइसोलेशनमा बसेको | | |
| ३ | हेल्थडेस्क स्थापना रमाइलोडाँडा र सि.न.पा.ओखलढुंगा | २ ठाउँ | | | |
| ४ | नगरपालिकामा विदेशबाट आएका मानिसहरुको विवरण | ४० | ११ महिला | २९ पुरुष | २ जेष्ठ नागरिक |
| ५ | सि.न.पा.बाट PPE खरिद | २० थान | | | |
| ६ | सि.न.पा.बाट थर्मल गनखरिद | १२थान | | | |
| ७ | ह्यान्ड स्यानिटाइजर | १०८ बोटल | | | |
| ८ | माक्स खरिद | १२५० | | | |
| ९ | शंकास्पद व्यक्तिहरुको RDT परिक्षण गरिएको | ५३ जना नतिजा नेगेटिभ देखिएको PCR स्वाब परिक्षण ४ जना नतिजा निगेटिभ आएको | | | |
| १० | औषधी खरिद पारासिटामोल, २०,००० क्लोरफेनाइरामाइन ५४,००० एजिथ्रोमाइसिन, ३००० | स्वास्थ्य संस्थाहरुमा वितरण गरिएको र हाल मौज्दातमा सिटामोल २५००, क्लोरफेनाइरामाइन ३०,४००, एजिथ्रोमाइसिन, २५२० बाँकी रहेको | | | |
| ११ | प्रदेश नं. १ का भौतिक पुर्वाधार विकास राज्यमन्त्री माननीय श्री अम्बिरबाबु गुरुङज्यूबाट | थर्मल गन १ सेट | | | |
| १२ | सघीय माननीय श्री यज्ञराज सुनुवारज्युबाट | माक्स ७००, गाउन ३ सेट, गमबुट १ जोडी, गगल्स २ वटा, स्यानिटाजर १ १०० एम.एल. | | | |
| १३ | माननीय श्री यज्ञराज सुनुवारज्यूबाट प्राप्त सामानहरु | माक्स २०० गोटा थर्मामिटर ५ | | | |
| १४ | प्रतिनिधि सभाका पूर्व सदस्य माननीय श्री रामहरि खतिवडाज्यूबाट प्राप्त सामानहरु | माक्स १०००, पि.पि.इ.३ थान | | | |
| १५ | लायन्स क्लब ओखलढुंगाबाट प्राप्त सामाग्रीहरु | माक्स ५००, पि.पि.इ.५ थान, स्यानिटाइजर १५ गोटा ग्लोब्स २००, साबुन १०००, र औषधिहरु पुनः दोस्रो पटक १३ वटा स्वास्थ्य संस्थाहरुलाई १३० वटा १०० एम.एल.को स्यानिटाइजर प्राप्त र वितरण समेत गरिएको | | | |
| १६ | समाजसेवी खिलानाथ दाहालज्युबाट | थर्मलगन २ थान | | | |
| १७ | स्वास्थ्य कार्यालय रुम्जाटारबाट | स्यानिटाइजर २ बोटल, माक्स ३००, ग्लोब्स २००, PPE २ थान, थर्मल गन २ | | | |
| १८ | सि.न.पा.बाट पुनः दोस्रो पटक खरिद गरिएको औषधी खरिद पारासिटामोल, २०,००० क्लोरफेनाइरामाइन क्याप्सुल एमोक्सिसिलिन ५०० एम.जि.१०००० | | | | |
| १९ | ONE HEART बाट स्वास्थ्य संस्थाहरुमा प्रदान गरिएको सामाग्रीहरुको विवरण | थर्मल गन-१, स्यानिटाइजर-५०० एम.एल, लिक्वीड सोप-५०० एम.एल., गाउन-१ र मास्क २०० पिस । | | | |

माथि उल्लिखत सामानहरु मध्ये नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरु, सुरक्षा निकायहरु तथा अन्यकार्यालयहरुमा कोभिड १९ संक्रमण तथा रोकथामका लागि आवश्यक सामाग्रीहरु वितरण गरिएको र बाँकी सामान स्वास्थ्यशाखामै मौज्दात रहेको बिवरण अवगत गरियो ।

| सि.नं. | विवरण | औषधिजन्य सामाग्रीहरुको नाम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पि.पि.ईं | मास्क | ह्यान्ड स्यानिटइजर | ग्लोब्स | थर्मल गन | गाउन | थर्मोमिटर | साबुन |
| १ | जम्मा प्राप्त | २२ | ३४५० | १२६ | २००० जोडी | १७ | ८ | ५ | १००० |
| २ | खर्च | २२ | २९३० | १०६ | १७०० | १४ | ६ | ४ | ६०० |
| **३** | **बाँकी मौज्दात** | **०** | **५२०** | **२०** | **३००** | **३** | **२** | **१** | **४००** |

साथै यस जिल्लाका संविधान सभाका पूर्व सदस्य माननीय श्री रामहरी खतिवडाज्यूले मिति २०७७/०२/०१ का दिन यस नगरपालिकालाई तपसिलमा उल्लेख भए बमोजिमका स्वास्थ्य सामाग्री उपलब्ध गराउनु भएकोमा वहाँलाई धन्यवाद ज्ञापन गर्ने ।

१.स्यानिटाइजर २० लिटर
२.स्प्रे मेसिन १ सेट
३. क्लोरिन झोल ५ लिटर

**<u>थप सेवा तथा समिति गठनका लागि प्रस्तावहरु :</u>**

१. मिलन चौकमा हेल्थ डेक्स स्थापना
२. CICT समिति गठन सि.न.पा.ओखलढुंगा
३. समुदायमाकोरोना रोकथाम स्वयंसेवक समुहको गठन

**२.** कोरोना भइरस (कोभिड-१९) को संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा विभिन्न क्रियाकलापहरु (सचेतनामूलक सन्देश प्रवाह, लकडाउनको पूर्ण पालना, देशका विभिन्न शहरहरु,छिमेकी जिल्ला तथा बिदेशबाट घर आएका व्यक्तिहरुको अभिलेख अध्यावधिक, होम क्वारेन्टाइनको व्यवस्थापन, पालिका स्तरीय क्वारेन्टाइनमा प्रेषण, राहत वितरण तथा Travel Tracing) लगायतका कार्यमा सहयोग तथा समन्वयका लागि देहाय अनुसारको वडा स्तरीय कोरोना रोकथाम समूह (COVID-19 Prevention Group-CPG) गठन गरी परिचालन गर्ने ।

सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक
सम्बन्धित वडाको वडा सचिव - सदस्य
वडास्थित महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्ये आफूहरुमध्येबाट छानिएको १ जना - सदस्य
वडास्थित स्वयमसेवक, गैससका प्रतिनिधि र स्थानीय रेडक्रसका प्रतिनिधिहरु मध्येबाट ३ जना - सदस्य
नेपाल प्रहरी प्रतिनिधि १ जना - सदस्य
वडास्थित स्वास्थ्य संस्थाका प्रमुख - सदस्य सचिव

समितिको कार्यबिवरण कोरोना महामारी (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वयमसेवा परिचालन सम्बन्धी मार्गदर्शन,२०७६ को ५ बमोजिम हुने र सो समितिको बैठकमा खाजा खर्च वापत नगरपालिकाबाट मासिक रु.१५००।- का दरले उपलब्ध गराउने)

**३.** कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण देखा परेका र विदेश तथा देशका विभिन्न जिल्ला तथा मुलुकहरुबाट आ-आफ्नो घर आएका व्यक्तिहरुको स्वास्थ्य परीक्षणका लागि हालसम्म नगर कार्यपालिकाको कार्यालय र रमाइलोडाँडामा हेल्थ डेस्क स्थापना गरी सञ्चालनमा ल्याइएकोमा हाल देशको विभिन्न क्षेत्रमा काभिड-१९ बाट संक्रमित हुनेहरुको संख्या वृद्धि भैरहेको सन्दर्भमा थप सतर्कता अपनाउनुपर्ने देखिएकोले यस

नगरपालिकास्थित गोरमारे भञ्ज्याङ् (मिलनचोक) मा थप Health Desk स्थापना गरी सञ्चालनमा ल्याउने ।

**४.** कोभिड-१९ प्रभावित जिल्लाका विभिन्न देश तथा नेपालस्थित विभिन्न जिल्लाहरुबाट आएका मानिसहरुको Case Investigation Contact Tracing कार्यका लागि RRT को फोकल पर्सनको मातहतमा रहने गरी हाललाई तपसिल अनुसारको Case Investigation and Contact Tracing Team गठन गरी परिचालन गर्ने ।

जनस्वास्थ्य निरीक्षक श्री आइत बहादुर राई - संयोजक
ल्याव असिस्टेन्ट श्री सिता दर्जी (स्वा.चौ.ठुलाछाप) - सदस्य
सि.अ.हे.व.दिपक राजभण्डारी (स्वा.चौ.ज्यामिरे) - सदस्य

**५.** लकडाउनबाट प्रभावित देहायमा उल्लेख बमोजिमका लक्षितवर्गका व्यक्तिहरुको पहिचान गरी राहत उपलब्ध गराउने व्यवस्था गर्ने ।

१. मुटु,दम, चिनी, वाथ, रक्तचाप सम्बन्धि दीर्घ रोग लागि नियमित रुपमा औषधी सेवन गरि रहेका विपन्न परिवारका ज्येष्ठ नागरिकहरु,
२. एक्लै बसोवास गनुपर्ने वा संरक्षक कोही नभएका ज्येष्ठ नागरिकहरु,
३. विपन्न परिवारका गर्भवती, सुत्केरी महिला तथा अपाङ्गता भएका व्यक्तिहरु,
४.पूर्ण अपाङ्गता भएका व्यक्तिहरु,
५. अति विपन्न व्यक्ति/परिवार ।

**६.** यस कार्यालयको लागि स्वीकृत तपसिल अनुसारका प्राविधिक पदको दरवन्दीमा साविक स्थानीय तह तथा निजामती सेवाबाट समायोजन भएका, लोकसेवा आयोगको सिफारिस बमोजिम स्थायी नियुक्ति दिइएका र सेवा करारमा नियुक्ति गरिएका कर्मचारीहरु कार्यरत रहेको व्यहोरा अवगत गरियो ।

**तपसिल**

| पदनाम | स्वीकृत दरवन्दी संख्या र काम गर्नुपर्ने कार्यालय | | हाल कार्यरत कर्मचारी | कैफियत |
|---|---|---|---|---|
| | नपा कार्यालय | वडा कार्यालय | | |
| सव इञ्जिनियर | २ | ५ | विष्णुमाया राई | प्रदेश कार्यालयमा समायोजन भएको |
| | | | करण सिंह महर | लोक सेवा आयोगबाट सिफारिस |
| | | | हिमराज धमला | |
| असिस्टेन्ट सव इञ्जिनियर | ० | ७ | राजेन्द्र कुमार श्रेष्ठ | साविक स्थानीय तहबाट समायोजन |
| | | | टिका प्रसाद धमला | |
| | | | दिल कुमा बुढाथोकी | निजामती सेवाबाट समायोजन |
| | | | पेम्बा निङ्मा शेर्पा | |
| | | | मुना ढकाल | लोक सेवा आयोगबाट सिफारिस |
| | | | प्रकाश दाहाल | |
| | | | सुवास फुयल | |
| | | | सविन राई | |
| | | | टिका प्रसाद दाहाल | सेवा करार |
| | | | ज्ञान बहादुर राई | |

माथि उल्लिखित बिवरण अनुसार नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालय समेतको लागि असिस्टेन्ट सव इञ्जिनियरको स्वीकृत दरवन्दी संख्या ७ मा जम्मा १० जना कार्यरत रहेको र सव

इञ्जिनियरको स्वीकृत दरवन्दी संख्या ७ मध्ये समायोजन तथा लोकसेवा आयोगबाट हालसम्म २ वटामात्र पदपूर्ति भएको र बाँकी ५ वटा पदहरु तत्काल पदपूर्ति हुने सम्भावना समेत नदेखिएको र मौजुदा प्राविधिक जनशक्तिबाट यस आ.व.मा सम्पादन गरिँदै आएको प्राविधिक कार्यको जिम्मेवारी समेत पुरा गर्नुपर्ने देखिएको हुँदा निजहरु प्रतिको कानूनी दायित्व तथा जिम्मेवारी नगर कार्यपालिकामा रहने गरी हाल सेवा करारमा कार्यरत असिस्टेन्ट सव इञ्जिनियर श्री टिका प्रसाद दाहाल र ज्ञान बहादुर राईको सेवालाई २०७७ असार मसान्त सम्मको लागि निरन्तरता दिने व्यवस्था गर्ने । साथै कार्यालयको लागि स्वीकृत अमिन पद १ को दरवन्दीमा  लोकसेवा आयोगबाट पदपूर्ति भएको भए तापनि कार्यालयको कामको प्रकृतिको आधारमा सो पदमा साविकमा सेवा करारमा कार्यरत अमिन कृष्ण प्रसाद चौलागाईको सेवालाई समेत ०७७ असार मसान्त सम्म निरन्तरता दिनुपर्ने देखिन आएकोले सो अवधि सम्मको लागि निजको सेवालाई समेत निरन्तरता दिने ।

७. महिला बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मितिः२०७७।१।२३ को पत्रबाट प्राप्त “कोरोना भाइरस (COVID-19) संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको बारेमा सुधार तथा सम्बोधन गर्न र सामाजिक संघसंस्था परिचालन गर्ने सम्बन्धी कार्यविधि,२०७७ कार्यान्वयन गर्नको लागि सोही कार्यविधिको बुँदा नं.५ (च) बमोजिम देहाय बमोजिमको उप समिति गठन गर्ने ।

नगर प्रमुख - संयोजक

नगर उपप्रमुख - सदस्य

प्रमुख प्रशासकीय अधिकृत  - सदस्य

सामाजिक विकास समिति संयोजक - सदस्य

स्वास्थ्य शाखा संयोजक - सदस्य

शिक्षा युवा तथा खेलकुद विकास शाखा प्रमुख - सदस्य

महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख - सदस्य सचिव

८. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरवारको चलानी नं.११६ मितिः२०७६।११।२३ को प्राप्त पत्र अनुसार यस कार्यालयमा कार्यरत रोजगार संयोजक श्री लक्ष्मण पराजुलीको सेवा कारार सम्झौताको अवधि २०७६।११।२५देखि समाप्त भएकोमा निजको सेवा करार अवधि मितिः२०७६।११।२६ देखि ०७७ असार मसान्त सम्मका लागि थप गर्ने ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनका लागि प्रस्ताव गरी पठाइएका आयोजनाहरुमध्ये मन्त्रालयबाट बिभिन्न मितिमा गरी हालसम्म यस कार्यालयलाई प्राप्त बजेट रु.३८,७१,०००।- (अडतीस लाख एकहत्तर हजार) बाट कार्यक्रम कार्यान्वयनका लागि प्राप्त शर्तहरुको आधारमा प्राथमिकीकरण गरी पठाइएका आयोजनाहरुमध्ये बहुसंख्यक सूचिकृत बेरोजगारको संख्या र प्राथमिकता क्रममा परेका आयोजना फरक-फरक वडामा पर्न गएकोले नगर कार्यपालिकाको बैठकबाट पुनः प्राथमिकता निर्धारण गरी प्राप्त बजेटलाई वडागत रुपमा तपसिल अनुसार बिनियोजन गरी वडाबाट प्राथमिकताक्रम सहित प्राप्त हुन आउने आयोजनाहरु कार्यान्वयन गर्ने साथै नेपाल सरकार (मन्त्रिपरिषद्) को मितिः२०७७।१।१४ को निर्णयानुसार हाल कोरोना भाइरस (कोभिड-

१९) को संभावित जोखिमका कारण नेपाल सरकारले गरेको लकडाउनबाट समस्यामा परेका असंगठित क्षेत्रका दैनिक ज्यालादारी श्रमिक मजदुरहरु समेतलाई रोजगार केन्द्रमा सूचिकृत गराई राहत स्वरुप काम वापत ज्याला भूक्तानीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशानुसार कार्य गर्ने ।

**तपसिल**

| वडा नं. | बजेट रु. |
|---|---|
| १ | २२७९०० |
| २ | ४७८६०० |
| ३ | ५१३१५० |
| ४ | १५०४५० |
| ५ | ३८६४०० |
| ६ | २८०७५० |
| ७ | ४६८७०० |
| ८ | १९००५० |
| ९ | ४५७१५० |
| १० | ३३५०५० |
| ११ | २०८००० |
| १२ | १७४८०० |
| **जम्मा रु.** | **३८७१०००** |

**१०.** नगरपालिका क्षेत्रमा जम्मा ६१ जना बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरु कार्यरत रहेकोमा प्रदेश सरकारबाट निजहरुलाई उपलब्ध गराउने गरी जम्मा ६० जनाको मात्र प्रोत्साहन रकम निकासा प्राप्त हुन आएकोमा नपुग १ जनाको प्रोत्साहन रकम रु.१० हजार यस कार्यालयको आन्तरिक स्रोतबाट भूक्तानी दिई सोको सोधभर्नाको लागि प्रदेश सामाजिक विकास मन्त्रालयमा माग गरी पठाउने ।

**११.** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं.४४१० मिति:२०७७।१।२६ को प्राप्त पत्रानुसार यस नगरपालिका अन्तरगतका १२ वटै वडामा रहेका भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको बिवरण सम्बन्धित वडाबाट संकलन गरी ७ दिनभित्र नगरपालिका कार्यालयमा पठाउने व्यवस्था गर्ने ।

**१२.** रोजगारी लगायत विभिन्न कामको सिलसिलामा हाल विदेशमा रहेका नेपालीहरुको वडा स्तरीय बिवरण सबै वडा कार्यालयबाट संकलन गरी ३ दिनभित्र नगरपालिकाको कार्यालयमा पठाउने ।

**१३.** आ-आफ्नो वडा क्षेत्रमा बसोवास गरी आएका मुस्लिम समुदायका व्यक्तिहरुको बिवरण संकलन गरी ३ दिनभित्र नगरपालिकाको कार्यालयमा पठाउने ।

**१४.** आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.१ विराटनगरबाट यस नगरपालिकालाई प्राप्त सशर्त आयोजनाहरुमध्ये चाँखुपाटी डाँडादेखी सिस्ने खोला हुँदै खन्ने (खनिया) खर्क सम्म सडक स्तरोन्नति उल्लेख भई आएको आयोजनाको नाम संशोधन गरी वार्ड नं.२ को चाँपा भञ्ज्याङ्बाट अधेरी तल्लो पुछार चौतारा-कुँडुलेटार-सिस्नेखोला हुँदै वार्ड नं.४ को भोग्टेनी जाने सडक स्तरोन्नति कायम गरी कार्यान्वय गर्ने व्यवस्थाका लागि मन्त्रालय समक्ष अनुरोध गर्ने ।

१५. सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत यस आ.व.को तेस्रो चौमासिक भत्ता सबै लाभग्राहीहरुको पायक र भौतिक दुरी समेत कायम हुने गरी तत्काल बितरण गर्ने व्यवस्था गर्ने ।

१६. यस नगरपालिका, चिशंखुगढी गाउँपालिका र ग्रामीण उद्यम् तथा विप्रेषण आयोजना (संमृद्धि) समेतको त्रिपक्षीय सम्झौता बमोजिम आप्रवासी सूचना कक्ष मार्फत वैदेशिक रोजगारमा जान लागेका र गैसकेका व्यक्तिहरुका लागि आवश्यक सूचना तथा परामर्श उपलब्ध गराउँदै आएकोमा हाल कोभिड-१९ को महामारीको कारण आप्रवासी सूचना कक्षबाट प्रदान गर्न नसकिएकोले उक्त सेवा सामाजिक सञ्जाल र टेलिफोनको माध्यमबाट सूचना सहायकले घरबाटै उपलब्ध गराउने व्यवस्था गर्ने ।

१७. आगामी आर्थिक बर्ष ०७७/०७८ को बार्षिक बजेट तथा कार्यक्रम ०७७ असार १० गते नगर सभामा पेश गर्नको लागि आवश्यक सबै तयारीहरु पूरा गर्नका लागि आवश्यक तयारी गर्ने ।

१८. विपद्को अवस्थामा पीडित तथा प्रभावित महिला ,बालबालिका, अपांगता भएका व्यक्ति,ज्येष्ठ नागरिक तथा यौनिक तथा अल्पङ्ख्यकहरुको संरक्षण सम्बन्धमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र महिला तथा बालबालिका विभागको संरक्षण विषयगत क्षेत्रको रणनीतिक कार्ययोजना, २०७३ लाई कार्यान्वयन गर्न देहाय बमोजिमको पालिका स्तरीय संरक्षण समिति गठन गर्ने ।

| | |
|---|---|
| १) नगरपालिका उपप्रमुख | संयोजक |
| २) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ४) शिक्षा खाशा प्रमुख | सदस्य |
| ५) नगरपालिकाको विपद् व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| ६) स्थानिय प्रहरी म.प्रम्ख | सदस्य |
| ७) बालकल्याण अधिकारी | सदस्य |
| ८) संरक्षणको क्षेत्रमा कार्यरत संघसंस्था प्रमुख व पूतिनिधि | सदस्य |
| ९) संरक्षणको क्षेत्रमा कार्यरत संघसंस्थाको प्रम्ख वा प्रतिनिधि | सदस्य |
| १०) नेपाल रेडक्रस सोसाईटी प्रतिनिधि | सदस्य |
| ११)महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

१९. यस कार्यपालिकाको मिति:२०७७1।१२ को बैठकको निर्णय अनुसार बन्दाबन्दीको समयमा अत्यावश्यक सेवामा खटिएका नगर कार्यपालिकाका कर्मचारीहरु र हेल्थ डेस्कमा खटिने स्वास्थ्यकर्मीहरुलाई खाजा खर्च दिने निर्णय भएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति:२०७७1।२४ को निर्णय बमोजिम हाल आंशिक रुपमा कार्यालय खोली आधारभूत सेवाहरु प्रवाह गर्नुपर्ने हुँदा २०७७ जेठ १ देखि हेल्थ डेस्कमा खटाइएका स्वास्थ्यकर्मीहरुलाई मात्र प्रति स्वास्थ्यकर्मीलाई दैनिक रु.२००।-का दरले खाजा खर्च उपलब्ध गराउने ।

२०. यस नगरपालिका अन्तरगत वार्ड नं.१० स्थित आम्जानी पेल्ट्रिक सेट मेशिनको ब्याट्री खराब भई हाल विद्युत उत्पादन हुन नसकेको हुँदा साको लागि ब्याट्री खरिद गर्नका लागि रु.१८,०००।- (अठार हजार) अनुदान उपलब्ध गराउने ।

**२१.** नेपाल रेडक्रस सोसाइटी ओखलढुङ्गा शाखाको एम्बुलेन्स नचल्ने अवस्थामा रहेको र हाल विश्वव्यवपी रुपमा फैलिएको कोभिड-१९ महामारीको कारण जुनसुकै समयमा पनि एम्बुलेन्स सञ्चालन गरी सेवा सुचारु गर्नुपर्ने भएकोले एम्बुलेन्स मर्मतको लागि सहयोग गरिदिन भनि सो शाखाबाट पत्र प्राप्त भएकोमा एम्बुलेन्स मर्मत कार्यका लागि रु.५०,०००।- (पचास हजार) अनुदान दिने ।

**२२.** सशस्त्र प्रहरी बल नेपाल गुल्म हे.क्वा.गुल्म ओखलढुङ्गाको जिम्मेवारी इलाका अन्तरगत ओखलढुङ्गा जिल्लाका विभिन्न स्थानमा गुल्मबाट डिउटी परिचालित भई शान्ति सुरक्षा तथा अमनचयन कायम गराउने क्रममा गुल्मको सवारी साधन विग्रन गएकोले उक्त सवारी साधन मर्मतका लागि अनुदान सहयोग माग भै आएकोमा सोको लागि उक्त गुल्मलाई रु.२५,०००।- अनुदान उपलब्ध गराउने ।